

नेपाली
Nepali



# तपाईंको स्थानीय संसदको बारेमा





अष्ट्रेलियन क्यापिटल टेरेतोरी (Australian Capital Territory) (ACT) को विधान सभा (Legislative Assembly ) ACT को लागि संसद हो र यो 196 London Circuit in Civic मा अवस्थित छ।



विधान सभाले ACT (क्यानबेरा लगायत) को लागि कानून बनाउँदछ। यो संघीय संसद भन्दा फरक छ जसले सम्पूर्ण अष्ट्रेलियाको लागि कानून बनाउँछ।



विधान सभामा विभिन्न 5 निर्वाचन क्षेत्रबाट निर्वाचित 25 जना सांसदहरू (Members of the Legislative Assembly) (MLA) रहने व्यवस्था छ।




निर्वाचन प्रत्येक चार वर्षमा हुने गर्छ र यसको आयोजना Elections ACT नामक स्वतन्त्र समूहले गर्छ। स्वतन्त्र र निष्पक्ष मतदानका लागि कडा नियमहरू बनाइएका छन्।



निर्वाचन पछि विधान सभाले एक सांसद (MLA) लाई मुख्यमन्त्रीको रूपमा चयन गर्दछ। मुख्यमन्त्रीले अन्य सांसदहरूलाई ACT सरकारको मन्त्रीहरुलाई नियुक्त गर्दछ।

## यो संसदले के गर्छ?



सांसद सदस्यहरु मतदाताको प्रतिनिधित्व गर्न चुनिएका हुन्। प्रत्येक चार वर्षमा 25 जनाले निर्वाचनको सामना गर्छन्, त्यसैले मतदातालाई चुन्ने अन्तिम अधिकार हुन्छ। मतदाताहरूको तर्फबाट, सदस्यहरूले ACT लाई अझ राम्रो स्थान बनाउने कानूनहरूमा बहस गर्छन् र पारित गर्छन्।



विधान सभाले ACT सरकारको कामको समीक्षा गरेर सरकारलाई जवाफदेही बनाउँछ। यस अन्तर्गत हरेक संसद चल्ने दिन बैठकमा मन्त्रीहरूलाई प्रश्न सोध्ने, सोधपुछ गर्ने र सरकारको वार्षिक बजेट (प्रस्तावित खर्च) को समीक्षा गर्ने कार्यहरू समावेश हुन्छ।



समितिहरू सांसदहरूको साना समूहहरू हुन् जसले विस्तृत रूपमा मुद्दाहरू हेर्छन्। प्रत्येक विधेयक (मस्यौदा कानून) जुन विधान सभामा जान्छ, यसले मानव अधिकार ऐन अनुपालन गरेको र राम्रोसँग लेखिएको जाँच गर्न यसको समीक्षा गरिन्छ। समितिहरूले वर्तमान मुद्दाहरूको पनि अनुसन्धान गर्न सक्दछन् र प्रायः जनसमुदायको टिप्पणी माग्दछ।

## तपाईंहरु कसरी सहभागी हुन सक्नुहुन्छ?




तपाईं मतदानको लागि दर्ता गरेको सुनिश्चित गर्नुहोस्। यसको लागि तपाईं अष्ट्रेलियाको नागरिक हुनुपर्छ। नागरिकले अनिवार्य मतदान गर्नु पर्छ।

aec.gov.au/enrol

लोकतन्त्रमा भाग लिने अरु धेरै तरिकाहरू छन्। तपाईं सहभागी हुन नागरिक हुन आवश्यक छैन!

तपाईंले समितिहरूलाई आफ्नो धारणाहरू पेश गर्न सक्नुहुन्छ वा उनीहरूले गरिरहका कामहरूबारे पढ्न सक्नुहुन्छ।

तपाईं आफ्नो समुदायको कुनै मुद्दाको बारेमा एक याचिका सुरू गर्न वा यसमा हस्ताक्षर गर्न सक्नुहुन्छ।

तपाईं हाम्रो निः शुल्क सार्वजनिक भ्रमणमा सामेल हुन सक्नुहुन्छ वा शैक्षिक कार्यक्रममा भाग लिन सक्नुहुन्छ।

तपाईं विधान सभाको कुनै सांसदलाई सम्पर्क गर्न सक्नुहुन्छ।

तपाईं संसद बस्ने दिन यसको भ्रमण गर्न सक्नुहुन्छ र सभा हेर्न सक्नुहुन्छ।

तपाईं हाम्रो वेबसाइटमा 2011 देखिका सबै बहसका भिडियोहरू हेर्न सक्नुहुन्छ।